जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६८ | २०८३ साल बैशाख ३१ गते बिहीवार | Thursday-14-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## सिम्रौनगढबाट आइजीपी कार्कीको सन्देश : "सानालाई होइन, ठूला तस्करलाई नियन्त्रण गर्नु"

*शु.आ. सम्बाददाता*
*बारा, ३० बैशाख*

नेपाल प्रहरीका महानिरीक्षक (आइजीपी) दानबहादुर कार्की ले सीमा क्षेत्रमा हुने तस्करी, लागूऔषध कारोबार तथा प्रहरी-बिचौलिया मिलेमतोविरुद्ध कडा रूपमा प्रस्तुत हुन मातहतका प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन्।




बाराको सिम्रौनगढ स्थित इलाका प्रहरी कार्यालय परिसरमा निर्माण सम्पन्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भवनको बुधबार उद्घाटन गर्दै उनले सानो सामान बोकेका सर्वसाधारणलाई समातेर ठूलो तस्करीमा संलग्नलाई छुट दिने प्रवृत्ति अस्वीकार्य भएको स्पष्ट पारे।

"घरायसी प्रयोजनका लागि ल्याइएको एक किलो काउली समात्ने तर ट्रकका ट्रक सामान छोड्ने काम अब सह्य हुँदैन," आइजीपी कार्कीले भने, "त्यस्तो गर्ने प्रहरीमाथि विभागीय कारवाही हुन्छ। तस्करी नियन्त्रणमा इमान्दार र जिम्मेवार भएर लाग्नुपर्छ।"

सीमावर्ती क्षेत्रमा बढ्दो अवैध कारोबार नियन्त्रणका लागि प्रहरी र समुदायबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै उनले समाजलाई बिगार्ने सबैभन्दा ठूलो चुनौती अहिले लागूऔषध बनेको बताए। लागूऔषधका कारण हजारौं युवाको भविष्य अन्धकारतर्फ धकेलिएको उल्लेख गर्दै उनले ओसारपसार र बिक्रीमा संलग्न गिरोहलाई कुनै हालतमा नछोड्न निर्देशन दिए।

"लागूऔषधले परिवार तहसनहस बनाइरहेको छ। समाजको ऊर्जा नै नष्ट भइरहेको छ," उनले भने, "यसविरुद्ध निर्मम अभियान चलाउनुपर्छ।"

आइजीपी कार्कीले प्रहरी सेवाप्रति नागरिकको विश्वास बढाउन व्यवहार सुधार अपरिहार्य रहेको बताउँदै प्रहरी कार्यालयमा आउने सेवाग्राहीलाई अनावश्यक दुःख नदिन निर्देशन दिए। उनले न्याय खोज्दै प्रहरी कार्यालय पुग्ने पीडितलाई बिचौलियामार्फत होइन, प्रत्यक्ष रूपमा सेवा दिनुपर्नेमा जोड दिए।

तराई-मधेश क्षेत्रमा 'पञ्चायती'का नाममा पीडितलाई दबाव दिने, मुद्दा मिलाइदिने बहानामा रकम असुल्ने तथा प्रहरीसँग पहुँच रहेको दाबी गर्दै बिचौलियाले ठगी गर्ने प्रवृत्तिप्रति उनले तीव्र असन्तुष्टि व्यक्त गरे।

"प्रहरीसँग कुरा गर्न कसैको सहारा लिनुपर्दैन, हुल लिएर आउनुपर्दैन," उनले भने, "पीडितको आवाज सीधै सुनिने वातावरण प्रहरी आफैंले बनाउनुपर्छ।"

कार्यक्रममा उनले "कानूनभन्दा माथि कोही छैन, सुख-दुःखमा प्रहरी नै साथी" भन्ने नारालाई व्यवहारमा उतार्न प्रहरी संगठन प्रतिबद्ध रहेको बताए। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकजस्ता संवेदनशील वर्गलाई सुरक्षित र सम्मानजनक वातावरणमा

बाँकी तेश्रो पृष्ठमा

## बारामा बजार अनुगमन : खाद्य उद्योग सहित चार व्यवसायलाई जरिवाना

*शु.आ. सम्बाददाता*
*बारा, ३० बैशाख*



बाराको विभिन्न क्षेत्रमा गरिएको संयुक्त बजार अनुगमनका क्रममा उपभोक्ता संरक्षण ऐन विपरीत कार्य गर्ने चार वटा व्यवसायिक फर्म तथा उद्योगलाई कारबाही गरिएको छ। अनुगमन टोलीले खाद्य सामग्रीको गुणस्तर, व्यवसाय दर्ता, सरसफाइ तथा उपभोक्ता अधिकारसम्बन्धी मापदण्ड पालना नगरेको पाइएपछि जरिवाना गरिएको जनाएको छ।

जिल्ला प्रशासन कार्यालय बारा, घरेलु तथा साना उद्योग कार्यालय बारा, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज, गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्ज, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय वीरगञ्ज, इलाका प्रहरी कार्यालय कोल्हवी तथा उपभोक्ता हित संरक्षण मञ्च बारा को संयुक्त टोलीले कोल्हवी तथा महागढीमाई क्षेत्रमा अनुगमन गरेको हो।

अनुगमनका क्रममा न्यु जैसवाल मिठान भण्डार र बैगन होटल लाई उपभोक्ता संरक्षण ऐन, २०७५ विपरीत कार्य गरेको पाइएपछि जनही ५ हजार रुपैयाँ जरिवाना गरिएको छ।

त्यसैगरी हाम्रो फ्रेस चाउमिन उद्योग लाई खाद्य सामग्री उत्पादनमा मापदण्ड उल्लंघन गरेको भन्दै २० हजार रुपैयाँ जरिवाना गरिएको टोलीले जनाएको छ। यस्तै मुस्कान डेरी उद्योग लाई डेरीजन्य वस्तुको उत्पादन तथा व्यवस्थापनमा कमजोरी भेटिएपछि ७५ हजार रुपैयाँ जरिवाना गरिएको छ।

अनुगमनका क्रममा केही व्यवसायमा उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसारका प्रावधान पालना गरिएको पाइए पनि कतिपय स्थानमा सरसफाइ, मूल्यसूची, गुणस्तर तथा दर्तासम्बन्धी कमजोरी भेटिएको टोलीले जनाएको छ।

त्यस्तै शिवम् टेन्ट तथा आयुष ज्वेलर्स लाई सामान्य निर्देशन दिई सचेत गराइएको छ।

संयुक्त टोलीले उपभोक्ताको स्वास्थ्य र अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने व्यवसायमा नियमित अनुगमनलाई निरन्तरता दिइने जनाएको छ। बजारमा गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन व्यवसायी स्वयं जिम्मेवार बन्नुपर्नेमा समेत टोलीले जोड दिएको छ।

## श्री राम जानकी कन्या विद्यालयका १५० विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

*शु. आ. सम्बाददाता*
*रौतहट, ३० बैशाख*




जिल्लाको सदरमुकाम गौर नगरपालिका वडा नं. १ मा अवस्थित श्री राम जानकी कन्या माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री सहयोग गरिएको छ। विद्यार्थीहरूको पठनपाठनमा सहजता ल्याउने र शैक्षिक विकासमा टेवा पुर्‍याउने पवित्र उद्देश्यका साथ इन्टरनेशनल बाल एकेडेमीका प्रिन्सिपल सन्तोष पौडेलद्वारा कापी वितरण गरिएको हो।विद्यालय परिसरमा आयोजित एक विशेष कार्यक्रमका बीच विद्यालयमा अध्ययनरत १५० जना छात्रछात्राहरूलाई जनही एक दर्जनका दरले कापी हस्तान्तरण गरिएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै गौर नगरपालिकाका मेयर प्रत्यासी समेत रहनुभएका समाजसेवी एवं इन्टरनेशनल बाल एकेडेमीका प्रिन्सिपल सन्तोष पौडेलले बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि शिक्षा नै मुख्य आधार भएकोमा जोड दिए। उनले भने, विद्यार्थीहरूको शैक्षिक विकास र पढाइप्रति उनीहरूको उत्साह बढाउन यस्ता सहयोगात्मक कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्छ। विशेषगरी आर्थिक अवस्था कमजोर भएका तर अध्ययनमा मेहनती विद्यार्थीहरूलाई प्रोत्साहन मिलोस् भन्ने हाम्रो चाहना हो। सो अवसरमा विद्यालयकी प्रधानाध्यापक रिना कुमारी झाले सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै विद्यालयमा अध्ययनरत १५० जना छात्रछात्राहरूलाई शैक्षिक सामग्री वितरण गरिएको पुष्टि गरिन। शैक्षिक सामग्रीको अभावमा कुनै पनि बालबालिका शिक्षाको ज्योतिबाट वञ्चित हुन नपरोस् भन्ने हेतुले गरिएको यस मानवीय कार्यको उनले उच्च प्रशंसा गरे। कार्यक्रममा समाजसेवी देवी यादव (देवेन्द्र अधिकारी) सञ्चारकर्मी दिनेश संगम, राकेश यादव, मध्यान्हकर्मी सत्येन्द्र प्रताप सिंह लगायत स्थानीय बुद्धिजीवी, अभिभावक र समाजसेवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। शैक्षिक सामग्री प्राप्त गरेपछि विद्यार्थीहरूमा खुसीयाली छाएको थियो भने अभिभावकहरूले पनि दाता पौडेल र विद्यालय परिवारप्रति आभार प्रकट गरेका छन्। विद्यालय प्रशासनले आगामी दिनहरूमा पनि विभिन्न संघ-संस्था र परोपकारी व्यक्तिहरूसँगको समन्वयमा यस्ता सामाजिक तथा शैक्षिक सहयोगका कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ।

## वीरगञ्ज-रक्सौल नाकामा अटो चालकलाई लागूऔषध विरूद्ध सचेतना

*हरिकिशोर शर्मा*
*पर्सा, ३० बैशाख*



सशस्त्र प्रहरी बल नेपाल अन्तर्गत सीमा सुरक्षा गुल्म मुख्यालय वीरगञ्ज र ग्रीनसिटी सामुदायिक प्रहरी आदर्शनगर को संयुक्त आयोजनामा लागूऔषध दुर्व्यसन रोकथाम तथा नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ।

वीरगञ्ज-रक्सौल मितेरी पुल क्षेत्रमा दैनिक रूपमा आवतजावत गर्ने अटो रिक्सा चालकहरूलाई लक्षित गरी आयोजित कार्यक्रममा लागूऔषधको दुष्प्रभाव, यसको सामाजिक असर, कानुनी परिणाम तथा नियन्त्रणका उपायबारे जानकारी प्रदान गरिएको थियो।

कार्यक्रम विकाश अधिकारी को प्रमुख आतिथ्य तथा जयप्रकाश खेतान को अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा भारतीय सीमा सुरक्षा बल एसएसबीका जवान, सामुदायिक प्रहरीका पदाधिकारी तथा ठूलो संख्यामा अटो रिक्सा चालकहरूको सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै डीएसपी अधिकारीले लागूऔषध दुर्व्यसन समाजका लागि गम्भीर चुनौतीको रूपमा देखापरेको उल्लेख गर्दै सीमावर्ती क्षेत्रमा सचेतना अभिवृद्धि गर्नु आवश्यक रहेको बताए। उनले समाजसँग प्रत्यक्ष सम्पर्कमा रहने अटो चालकहरूले लागूऔषध नियन्त्रण अभियानमा महत्वपूर्ण भूमिका खेल्न सक्ने धारणा व्यक्त गरे।

"अटो चालकहरू दैनिक रूपमा सयौं मानिससँग सम्पर्कमा हुन्छन्। उनीहरू सचेत भए लागूऔषध ओसारपसार र दुर्व्यसन नियन्त्रणमा ठूलो सहयोग पुग्न सक्छ," उनले भने।

त्यसैगरी अध्यक्ष खेतानले युवापुस्तालाई दुर्व्यसनबाट जोगाउन

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुबे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# सीमावर्ती नाकामा तस्करी र सुरक्षा संयन्त्रमाथि उठेका प्रश्नः निष्पक्ष छानबिनको आवश्यकता

सीमावर्ती क्षेत्रहरुमा तस्करी र अवैध कारोबार नियन्त्रण गर्ने जिम्मेवारी पाएको सुरक्षा संयन्त्रकै भूमिकामाथि प्रश्न उठ्नु गम्भीर विषय हो । बाराको सिम्रौनगढ आसपास पछिल्ला दिनहरुमा देखिएका घटनाक्रमले राज्यको उपस्थिति र प्रभावकारिताबारे फेरि एकपटक बहस जन्माएको छ ।

स्थानीय बासिन्दा तथा सरोकारवालाहरुले सीमावर्ती नाकाबाट कपडा, खाद्यान्न, मल, बीउदेखि कुखुरासम्मको अवैध ओसारपसार निर्बाध रुपमा भइरहेको आरोप लगाएका छन् । उनीहरुको भनाइमा, यस्ता गतिविधि नियन्त्रण हुनुको सट्टा कतिपय अवस्थामा संरक्षण पाइरहेको जस्तो अनुभूति हुनुले जनविश्वास कमजोर बनाएको छ ।

सुरक्षा निकायका जिम्मेवार व्यक्तिमाथि समेत संरक्षण दिएको जस्ता गम्भीर आरोप सार्वजनिक हुनु आफैंमा संवेदनशील विषय हो । यस्ता आरोपहरु पुष्टि भए राज्य संयन्त्रको विश्वसनीयता र निष्पक्षतामाथि गहिरो चोट पुग्छ । तर यस्ता दाबीहरुलाई केवल हल्ला वा एकतर्फी आरोपकै रुपमा पनि लिन मिल्दैन–यसको निष्पक्ष, पारदर्शी र तथ्यमा आधारित छानबिन आवश्यक हुन्छ ।

यसैबीच, भारततर्फ चरेशसहित एक युवक पक्राउ परेको घटनाले सीमापार लागुऔषध कारोबारको जटिल जालो अझै सक्रिय रहेको संकेत गरेको छ । प्रारम्भिक अनुसन्धानमा नेपाल-भारत सीमाबाटै आपूर्ति भएको आशंका सार्वजनिक हुनु दुवै देशका सुरक्षा निकायका लागि चुनौतीपूर्ण विषय हो ।

सीमावर्ती क्षेत्रमा हुने यस्ता गतिविधिहरु केवल कानुनी समस्या मात्र होइन, सामाजिक र आर्थिक सुरक्षा संकटसँग पनि जोडिएका छन् । यसले युवा पुस्ता, स्थानीय अर्थतन्त्र र समग्र सामाजिक वातावरणमा दीर्घकालीन असर पार्न सक्छ ।

अब आवश्यक छ–आरोप-प्रत्यारोपमा सीमित नहुने, तथ्यमा आधारित निष्पक्ष छानबिन, र दोषी जो भए पनि कानुनी दायरामा ल्याउने स्पष्ट प्रतिबद्धता । सीमा सुरक्षा मजबुत नबनाइसम्म तस्करी र अवैध कारोबार नियन्त्रण गर्ने प्रयास अधुरै रहनेछ ।

# प्रधानमन्त्री बालेनलाई सुकुम्बासीको पत्र



**राजेश विद्रोही**

नागरिकले पाएका लालपुर्जामै समस्या छन् । कतै पुर्जा छ, जमिन छैन । कतै जमिन छ, पुर्जा छैन ।

पहिलो कुरा, सरकार र प्रधानमन्त्रीज्यूले बुझ्नुपर्ने विषय के हो भने भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या राज्यद्वारा निर्मित समस्या हो । जनताले त जंगल फाँडेर जमिन बनाए । तर विगतका व्यवस्था र शासकहरूले त्यही जमिनमाथि ऐन-कानुन बनाएर प्राकृतिक सम्पत्ति जमिनलाई दर्जनौं रूपमा वर्गीकरण गर्दै निजी स्वामित्वको रूपमा विकास गरे । समाजलाई जात र धर्मका आधारमा जसरी विभाजन गरियो, त्यसरी नै जमिनलाई पनि भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी, गाउँब्लक, बहालविटोरी, गुठी, निजी रैकर, मोहीयानी आदि नाममा क्रमिक रूपमा विभाजन गरियो र समस्यालाई झन् विस्तार गरियो ।

यतिसम्म कि जुन समाजका आधारभूत वर्ग र समुदायले जमिन बनाए, तत्कालीन राज्य-शासकहरूले उनीहरूलाई सम्पत्ति नराख्ने वर्गका रूपमा मात्र परिभाषित गरेनन्, ऐन-कानुन बनाएर सम्पत्ति राख्ने अधिकारबाट समेत वञ्चित गरे । उनीहरूलाई समाजका शासक, सामन्त र जमिनदार वर्गको श्रम र सेवा गर्ने वर्ग-समुदायका रूपमा परिभाषित गरियो। भएका जमिनहरू ठाउँ-ठाउँमा मौजादारी व्यवस्था खडा गरेर गरिब, दलित तथा कमजोर निमुखा नागरिकसँग रहेको जमिनसमेत खोसियो । यतिसम्म कि उनीहरूलाई आफ्नै जमिनमा बसोबास गराएर आफ्नो सेवा र श्रममा समर्पित गराइयो । यसको परिणामस्वरूप आज पनि धेरै गरिब तथा दलित बस्तीहरू उनै सामन्त जमिनदारहरूको कथित जग्गामा रहेका छन् । कहिलेकाहीँ जमिनदार र भूमाफियाहरू मिलेर अदालती प्रक्रियामार्फत बस्तीमाथि डोजर लगाउने र बेचबिखन गर्ने घटनाहरू सार्वजनिक भइरहेका हुन्छन् । त्यसैले भूमि राज्यले बनाएको हो कि जनताले ? भूमि पहिला कि जनता पहिला ? सरकारका लागि जनता ठूलो कि जमिन ? सरकारले जमिन थुपारेर के गर्ने ? नागरिकलाई बाँडेर उत्पादनमा जोड्नुपर्छ। विगतका सबै गडबडीहरूको छानबिन र पहिचान गरेर अघि बढ्नुपर्छ । भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको नाममा अनाहकमा नागरिक मारिनु हुँदैन । विभिन्न कारणले एउटा समाज बनिसकेको समुदायलाई विस्थापित गरियो भने देशभर समस्या फैलिन्छ । चोरी, डकैती र अपराधहरू जन्मिन्छन् । उनीहरू समाजमा पुनर्स्थापित हुन नसकेरै यो समस्या जन्मिएको हो, रहरले होइन ।

आज सोही समाजमा पुनर्स्थापनाका लागि दबाब भयो भने क्षणिक रूपमा स्वीकार गर्न सकिएला, तर यो दीर्घकालीन समस्या हो। यसको लाभ गलत वर्गले लिन सक्छ। विपक्षीहरूले फेरि पनि यसलाई हतियार बनाउन सक्छन्। त्यसैले वास्तविक भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरौं । अप्ठ्यारोमा परेकाहरूलाई व्यवस्थापन गरौं। तर सुकुम्बासीको नाममा होइन, बदाम गरेर होइन ।

किनभने सुकुम्बासी बस्तीभन्दा कम छैनन् । लालपुर्जावाला 'हुकुमबासी'हरूका ठूलाठूला महल, जसले खोला किनार र सार्वजनिक जग्गासमेत थपेर ओगटेका छन् । सुकुम्बासी उठाए पनि उनीहरू भने झन् प्रभावशाली भएर बाँकी नै रहनेछन् । त्यसैले एउटा प्राधिकरण बनाएर स्पष्ट मापदण्ड तय गरौं । सुकुम्बासीलाई अपराधीकरण नगरौं । मानवीय व्यवहार गरौं । राज्यको कर्तव्य पूरा गरौं । किनभने राज्य अभिभावक हो ।

दोस्रो कुरा, समाजमा विद्यमान जातीय विभेद र जातव्यवस्थाकै कारण अधिकांश दलित तथा गरिब बस्तीहरू कथित स्वर्ण वा गैरदलित समुदायले फोहोर, सिनो र मैला फाल्ने छेउकुना, सार्वजनिक जग्गा, पोखरी, खोलानालाको डिलजस्ता जोखिमयुक्त क्षेत्रमा बस्न बाध्य भए। समयसँगै जनसंख्या बढ्यो, जमिनको मूल्य अकासियो, तर ती बस्तीहरू फेरि पनि आजको व्यवस्थाको 'कसिंगर' किन बनिरहेका छन् ?

पछिल्लो परिवर्तनपछि त्यही बस्तीमा बसेका धेरै मानिसहरूले खाडीमा पसिना बगाएर कमाएको पैसाले घर ठड्याए, केही धुर-करा जमिन पनि किने। तर पुस्तौंदेखि बसोबास गरेको भूमिको लालपुर्जा भने पाएनन्। बरु उनीहरूकै नाममा दर्जनौं आयोग बने, राज्यको अर्बौं रुपैयाँ खर्च भयो। कहिले 'जनता आवास कार्यक्रम', कहिले 'छानो फेर्ने कार्यक्रम', कहिले 'एकीकृत बस्ती निर्माण'जस्ता योजनाका नाममा दलित, गरिब, भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई भ्रममा पारियो। जोखिमयुक्त ठाउँमै खोरजस्तो कोठा बनाएर खुसी बनाउने काम गर्‍यो । तर यसले समस्या समाधानभन्दा बढी उनीहरूलाई बदनाम गर्ने काम गर्‍यो । यसको खोजी, छानबिन र कारबाही गरेर सुशासनको प्रत्याभूति दिनुपर्ने राज्यले उल्टै कमजोर नागरिकमाथि डोजर चलाएर सुशासनको परिभाषा गढिरहेको छ। जुन गलत भाष्य हो । इतिहासमा 'हुकुमबासी'का नाममा शासकहरूले ऐनकानुन बनाए, आयोग गठन गरे, आर्थिक लाभ उठाए र अन्ततः सुरक्षित रूपमा उम्किए । राज्यको कानुनले उनीहरूलाई कहिल्यै छोएन। तर आज त्यही 'हुकुमबासी'को नाममा वास्तविक भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरू तर्साइएका छन्, उठिबासको सिकार बनाइएका छन्।

आजसम्म उनीहरूको व्यवस्थापनको नाममा राज्यको दोहन गरियो । सही रूपमा व्यवस्थापन गरिएको भए समस्या धेरै हदसम्म समाधान भइसक्थ्यो। तर केही चतुर समूहहरूले यसलाई 'बिजनेस कम्प्लेक्स' बनाउने माध्यमका रूपमा प्रयोग गरे। त्यसको पहिचान र छानबिन राज्यको पहिलो प्राथमिकता हुनुपर्थ्यो। तर ठीक उल्टो भइरहेको छ, प्रधानमन्त्रीज्यू । परिवर्तनको आशामा रास्वपा-बालेन सरकारलाई मत दिएका लाखौं नागरिक आज निराश र त्रसित छन्। यसले देशभर नकारात्मक प्रभाव पारेको छ ।

विगतका सरकारहरूले पनि व्यवस्थापनको नाममा यो समस्यालाई प्रयोगमात्र गरे । परिणामतः समस्या घट्नुको साटो जनसंख्यासँगै झन् बढ्दै गयो । केही चतुर मानिसले यसलाई आफ्नो फाइदाका लागि उपयोग गरे। कोही प्रयोग गरेर अलग भए, कोही त्यही बस्तीमा बसे। तर आज सबैलाई एउटै रूपमा 'हुकुमबासी'को ट्याग लगाएर डोजरमार्फत विस्थापन गरिँदैछ । स्थानीय तहका पुराना दलका जनप्रतिनिधिहरूसमेत यसबाट लाभ उठाउने दिशातर्फ उन्मुख देखिन्छन्। अहिले करिब ८० प्रतिशत सर्वसाधारण नागरिक त्रसित छन् । किनभने सार्वजनिक तथा सरकारी स्वामित्वका जग्गामा केवल भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीमात्र छैनन्, गुठी, पर्ती, जंगल, गाउँब्लक, बहालविटोरी, मोही, विद्यालयलगायतका जमिनमा पनि शक्तिशाली माफिया र धनाढ्य वर्गले निजी विद्यालय, होटल, अस्पताल र आलिसान भवन बनाएर व्यावसायिक साम्राज्य खडा गरेका छन् ।

जस्तै– पशुपति क्षेत्र विकास कोषको जग्गा, लुम्बिनी विकास कोषको जग्गा, जनकपुर जानकी मन्दिर विकास कोषअन्तर्गतका जग्गा, बालुवाटार, बाँसबारी जुत्ता कारखानालगायत अनेक उदाहरण छन् । वास्तविक 'हुकुमबासी' त यिनै शक्तिशाली समूह हुन्, कमजोर सुकुम्बासीले यतिसम्म गरेको छैन। उनीहरूलाई आन्दोलनमा प्रयोग गरेर आफू सुरक्षित रहने प्रवृत्ति लामो समयदेखि चल्दै आएको छ । तर कसैको निजी स्वामित्वमा नरहेका खोला किनार, सार्वजनिक पर्ती तथा यस्तै जमिनमा पुस्तौंदेखि बसोबास गर्दै आएका दलित तथा गरिब बस्तीहरूलाई व्यवस्थित ढंगले व्यवस्थापन गर्नु, बसोबास गरिरहेको ठाउँमै लालपुर्जा दिनु नै आजको आवश्यकता र उचित निकास हो।

तेस्रो कुरा, अन्य विभिन्न कारणले मानिसहरू सुकुम्बासी बन्न बाध्य भएका हुन्। जस्तैः इतिहासका विभिन्न आन्दोलनमा लागेका, गाउँ फर्कन तथा समाजमा पुनर्स्थापित हुन नसकेका, सामाजिक रूपमा बहिष्करणमा परेका, पहाडबाट तराई-चुरे तथा गाउँबाट सहरको सुविधा लिन बसाइँसराइका कारण विस्थापित भएका, अन्तरजातीय तथा जनवादी विवाह गरेकाहरू समाजमा फर्किन नसकेका, बाढी, पहिरो तथा भूकम्पलगायत प्राकृतिक प्रकोपमा परेका, मजदुरीका हिसाबले सहर पसेका, जातीय, धार्मिक विभेद तथा गरिबीका कारण कोठाभाडा पाउन नसकेका र सस्तो भाडामा सुकुम्बासी बस्तीमा बसेर पछि सोही समाजमा घुलमिल हुँदा आर्थिक हैसियतअनुसार जग्गा ओगटेकाहरूबाट सस्तोमा किनेर वा समाजको सल्लाहमा टहरो बनाएर बसेका, कोही राज्यको अव्यवस्थाका कारण बैंक तथा वित्तीय संस्थाको चक्रव्यूहमा परी उठिबास लागेर सार्वजनिक ठाउँमा शरण लिन बाध्य बनेकाहरू पनि छन् ।

पछिल्लो समय मिटरब्याजी समस्या, स्वास्थ्य उपचार, दाइजोप्रथा, वैदेशिक रोजगारलगायत विभिन्न कारणले मानिसहरू सुकुम्बासी बनेका छन् । कुनै पनि नागरिक रहरले त्यस्तो जोखिमयुक्त ठाउँमा बसोबास गर्ने चाहना राख्दैन। नागरिकको बाध्यता र राज्यको अव्यवस्थाकै कारण यो सिर्जित समस्या हो । आज जसलाई 'हुकुमबासी' भनेर अफवाह फैलाइएको छ, त्यो दुःखद् छ। यसरी नै इतिहासमा निर्दोषहरू मारिने र दोषीहरू ऐनको संरक्षणमा जोगिँदै आएका छन्। एक समय कम्युनिस्टहरूले उमेर पुगेका बुढाबुढीहरूको काम छैन, सबैलाई गोली ठोकेर मार्नुपर्छ भन्ने भ्रमपूर्ण भाष्य निर्माण गरेका थिए । अहिले गरिब दलितहरूको काम छैन, सबैलाई डोजरले मार्नुपर्छ भन्ने भाष्य निर्माण भइरहेको छ ।

जुन दिनदेखि देशमा प्राकृतिक सम्पत्ति जमिनमाथि शासकहरूले ऐन-कानुन बनाएर निजी स्वामित्वको रूपमा लालपुर्जा दिने व्यवस्था गरे, त्यही दिनदेखि देशमा गरिब र धनीबीच ठूलो खाडल खन्ने प्रक्रिया सुरु भयो। पछिल्लो समयका शासकहरूले त्यसलाई क्रमिक रूपमा व्यवस्थापन गर्नुभन्दा आफ्ना निहित सत्ता-स्वार्थ पूरा गर्न जमिनलाई झन् दर्जनौं वर्गीकरण गरेर समस्यालाई विकराल बनाउने दुस्साहस गरे । यसले समाजलाई असमान विभाजन र द्वन्द्वतर्फ धकेल्ने काम गर्‍यो। अहिलेको रास्वपा-बालेन सरकारले जे गरिरहेको छ, त्यसले पनि नयाँ तरिकाले पुरानै परम्परागत समस्यालाई निरन्तरता दिइरहेको छ, जो दुःखद् छ । कसैले ऋण दिएर यो समस्याको दीर्घकालीन समाधान हुन्छ भनेर सल्लाह दिएको छ र यसले कम्युनिस्टहरूको मजबुत पकड टुट्छ भनेर सपना देखेको छ भने त्यो दिवास्वप्नमात्रै हो । नेपाली जनतालाई यो नजरले बुझ्ने दुस्साहस गर्नु हुँदैन । यो तरिकाले देश र जनतालाई ऋणको भारीमुनि थिचेर बर्बादीतर्फ पुर्‍याउने खतरा हुन्छ ।

पुँजीवादी लोकतान्त्रिक व्यवस्थामा यो समस्याको समाधान कहिल्यै हुन सक्दैन भन्ने भाष्य पनि गलत हो । किनभने एकातिर पुँजी र निजी स्वामित्वको कुरा गर्ने, अर्कोतिर त्यसकै विरोधमा दोहोरो नीति अवलम्बन गर्ने हो भने देश ठूलो दुर्घटनातर्फ जान्छ । यो मानव समाज रहन्जेल चलिरहने प्रक्रिया हो, अन्त्य हुने वा सजिलै अन्त्य गर्न सकिने विषय होइन । कि त सरकारले दीर्घकालीन रूपमा समस्या समाधान गर्ने गरी जमिनमाथिको निजी स्वामित्वको अन्त्य गरेर राज्यको मातहतमा ल्याउने र जनताको आवश्यकताका आधारमा लिजमा दिने व्यवस्था गर्नुपर्छ । त्यसैले यस्तो विषयमा बेलैमा ख्याल पुर्‍याउनुपर्छ। हामी नेपाली आफैं सक्षम छौं। नेपाली समाज कसैको स्वार्थ पूरा गर्ने मेसिन होइन। संसारका जनताभन्दा नेपाली जनता विशेष र निकै उच्च चेत भएका छन् । उनीहरूलाई बुझाए बुझ्छन् । चित्त बुझाउन सके आफ्नो देश, समाज र राष्ट्रप्रति अगाध माया गर्छन्, गरेको इतिहास छ। जसरी आधारभूत जनता, वर्ग र समुदायले जमिन बनाए, आज उनीहरू नै उठिबास हुनु परिरहेको यथार्थ सरकार र प्रधानमन्त्रीले बुझ्नुपर्छ ।

काठमाडौंका सुकुम्बासी र काठमाडौं बाहिर गाउँघरका सुकुम्बासीलाई एउटै तराजुमा राखेर व्यवहार गरिँदैछ । यसले देशमा ठूलो विग्रह र अस्थिरता पैदा गर्न सक्छ । किनभने रास्वपा-बालेन सरकारले केही गर्छ भन्ने सबैभन्दा ठूलो आशा र विश्वास यही वर्गका नागरिकले गरेका थिए र सबैभन्दा धेरै मत पनि यही वर्गबाट प्राप्त भएको थियो। किनभने यी वर्ग-समुदायकै कारण आजसम्मको अधुरो-अपूर्ण जे भए पनि परिवर्तन सम्भव भएको हो। अन्य सम्पन्न र सम्भ्रान्त वर्ग-समुदायले तुलनात्मक रूपमा कम विश्वास र मत दिएका थिए। किनभने उनीहरू विभिन्न पार्टीका बहुसंख्यक रूपमा 'हुकुमबासी' बनेर रहेका छन् । अन्त्यमा : पहिलो कुरा, समाजमै विभिन्न कारणले पुनर्स्थापना हुन नसकेको र राज्य अव्यवस्थाकै कारण पुस्तौंदेखि नागरिक भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी बन्न बाध्य भएको तथ्य बुझ्न सक्नुपर्छ । यसको लाभ केही चतुर मानिसले लिएका पनि होलान् । तर आज जसलाई 'हुकुमबासी' भनेर भाष्य निर्माण गरिएको छ, खासमा उनीहरू वास्तविक भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी नै हुन्, जसलाई शासकहरूले योजनाबद्ध रूपमा यही अवस्थामा पुर्‍याए । अर्कोतर्फ, वास्तविक हुकुमबासीहरू भने ऐनकानुनको लाभ लिएर आज सुरक्षित अवस्थामा छन्। उनीहरूलाई कुनै पनि सरकारले सहजै छुन नसक्ने अवस्था बनेको छ। त्यसैले उनीहरूलाई समेत उपयुक्त कानुनी दायरामा ल्याउने गरी आवश्यक ऐनकानुन निर्माण गर्नुपर्छ। एउटै जमिनदारसँग हजारौं बिघा जमिन कसरी पुग्यो ? त्यो जमिन कहाँ गयो ? के गरियो ? हदबन्दी लागेका जग्गासमेत पछिल्लो समय कानुनका चोरबाटा प्रयोग गरेर बेचबिखन गरियो र लुकाइयो । मुठीभर देश र जनतालाई लुट्ने, ठग्ने माफियाहरूसँग

बाँकी तेश्रो पृष्ठमा

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# राजा चार्ल्सको सम्बोधनमा स्टार्मरको परीक्षा



***एजेन्सी-*** बेलायतका राजा चार्ल्स तृतीयले आगामी वर्षका लागि सरकारको कानूनी तथा नीतिगत कार्यक्रम संसद्मा प्रस्तुत गर्ने तयारीसँगै प्रधानमन्त्री कीर स्टार्मरको राजनीतिक भविष्यबारे पनि चासो बढेको छ।
परम्परा, धुमधाम र ऐतिहासिक विधि-विधानसँगै हुने संसद्को औपचारिक उद्घाटन यसपटक सरकारको स्थायित्व र नेतृत्व क्षमताको परीक्षणका रूपमा समेत हेरिएको छ।
राजा चार्ल्स तृतीयले आगामी संसदीय सत्रका लागि सरकारको नीति तथा कानून बनाउने कार्यक्रम औपचारिक रूपमा सांसदहरूलाई प्रस्तुत गर्नेछन्। यो प्रक्रिया बेलायती लोकतन्त्रको ऐतिहासिक परम्परा अनुसार हुने भए पनि यसपटकको राजनीतिक वातावरण निकै संवेदनशील बनेको छ। प्रधानमन्त्री स्टार्मरले उक्त कार्यक्रम कार्यान्वयन गर्न संसद्मा पर्याप्त समर्थन जुटाउन सक्ने कि नसक्ने भन्ने प्रश्न अहिले प्रमुख बनेको छ। यदि उनले हालै देखिएको राजनीतिक अस्थिरता पार गर्न नसकेमा सरकारको दीर्घकालीन योजनामाथि नै प्रश्न उठ्ने अवस्था देखिएको छ।
गत साता सम्पन्न स्थानीय र क्षेत्रीय चुनावमा लेबर पार्टीले ठूलो क्षति बेहोरेपछि प्रधानमन्त्री स्टार्मरमाथि पार्टीभित्रैबाट दबाब बढेको छ। सत्तामा उनको नेतृत्व क्षमतामाथि प्रश्न उठ्दै जाँदा पार्टीभित्र केही नेताहरूले नेतृत्व परिवर्तनको मागसमेत अघि सारेका छन्। हालै पार्टी समर्थकहरूलाई सम्बोधन गर्दै उनले दिएको भाषणलाई 'लडाइँको सुरुआत' का रूपमा प्रस्तुत गरिएको थियो। तर उक्त भाषणलाई आलोचकहरूले अपेक्षित स्पष्टता र निर्णायक नीतिको अभाव भएको भन्दै कमजोर ठानेका छन्।
पूर्व सुरक्षामन्त्री जेस फिलिप्सले समेत सरकारबाट राजीनामा दिँदै वर्तमान नेतृत्वले विवाद समाधान गर्नुभन्दा पनि आन्तरिक असन्तोष व्यवस्थापनमै केन्द्रित रहेको टिप्पणी गरेका छन्।
राजाको भाषण हुने यो अवसर बेलायतको संवैधानिक परम्पराको महत्त्वपूर्ण हिस्सा हो, जहाँ राजतन्त्रको औपचारिकता र आधुनिक संसदीय लोकतन्त्र एउटै मञ्चमा प्रस्तुत हुन्छन्। वास्तविक राजनीतिक शक्ति भने निर्वाचित हाउस अफ कमन्समा केन्द्रित रहन्छ।
प्रधानमन्त्री स्टार्मरको राजनीतिक स्थिति अझै अनिश्चित रहेकाले यस वर्षको कार्यक्रमलाई विशेष रूपमा नजिकबाट हेरिएको छ।
सरकारले प्रस्तुत गर्न सक्ने कानूनसँग सम्बन्धित प्रस्तावहरूमा जीवनयापन लागत संकट समाधान, सार्वजनिक पूर्वाधारमा निजी लगानी आकर्षित गर्न राष्ट्रिय सम्पत्ति कोष गठन र शरणार्थी नीतिमा कडाइ गर्ने योजना समावेश हुन सक्ने अनुमान गरिएको छ।
त्यस्तै, केही कानूनी प्रक्रियामा जूरी ट्रायल हटाउने, मतदानको उमेर १६ वर्षमा झार्ने र सार्वजनिक अधिकारीहरूलाई सत्यनिष्ठा र जवाफदेहिताबारे कडा मापदण्ड लागू गर्ने विवादास्पद प्रस्ताव पनि अघि सारिन सक्ने चर्चा छ।
तर आलोचकहरूको भनाइमा सम्बोधनमा आउने अधिकांश प्रस्तावहरू पहिले नै सार्वजनिक भइसकेका छन्, जसले सरकारको नयाँ दृष्टिकोणबारे प्रश्न उठाएको छ।
राजाको सम्बोधनपछि संसद्का दुवै सदनमा यसका विषयमा बहस सुरु हुने परम्परा रहँदै आएको छ, जुन कार्यक्रम सन् १८५२ देखि निरन्तर चल्दै आएको भए पनि यसको ऐतिहासिक जरा १६ औँ शताब्दीसम्म पुग्छ। राजा चार्ल्स तृतीय बकिङ्घम दरबारबाट संसद् भवनसम्म घोडागाडीमा पुग्छन्। त्यसपछि उनी इम्पेरियल स्टेट क्राउन र राज्य पोशाकसहित हाउस अफ लर्ड्समा प्रवेश गर्छन्।
त्यहाँबाट 'ब्ल्याक रड' नामक अधिकारी हाउस अफ कमन्समा सांसदहरूलाई बोलाउन जान्छन्। परम्पराअनुसार कमन्सका ढोका राजतन्त्रबाट संसदीय स्वतन्त्रताको प्रतीकस्वरूप केही क्षणका लागि बन्द गरिन्छ र ब्ल्याक रडले ढोका ढकढक्याएपछि मात्र खोलिन्छ। त्यसपछि कमन्सका सदस्यहरू लर्ड्स च्याम्बरमा उपस्थित हुन्छन्, जहाँ राजाले सरकारद्वारा लेखिएको भाषण पढ्दै आगामी संसदीय सत्रको कानुन बनाउने कार्यक्रम प्रस्तुत गर्छन्।
सम्बोधनपछि राजा प्रस्थान गरेसँगै संसद्का दुवै सदनले उक्त नीतिमाथि बहस सुरु गर्छन्, जसले आगामी राजनीतिक दिशाबारे महत्त्वपूर्ण संकेत दिने अपेक्षा गरिएको छ।

## सिम्रौनगढबाट....

सेवा प्रदान गर्नु प्रहरीको प्रमुख दायित्व भएको उल्लेख गर्दै उनले नयाँ सेवा केन्द्रले स्थानीय नागरिकलाई थप सहजता दिने विश्वास व्यक्त गरे।
करिब २ करोड ५१ लाख ४२ हजार ५ सय ३४ रुपैयाँ २८ पैसाको लागतमा निर्माण भएको उक्त भवन लामा कन्स्ट्रक्सन कम्पनी ले निर्माण गरेको हो। ग्ल्इएक को सहयोगमा बनेको दुईतले भवनमा कार्यालय प्रमुख कक्ष, परामर्श कक्ष, पीडित आश्रय कक्ष, बालमैत्री कक्ष तथा प्रहरी कर्मचारीका लागि ब्यारेकसहित आधुनिक संरचना तयार गरिएको छ।
भवनको प्राविधिक विवरण प्रस्तुत गर्दै सिनियर इन्जिनियर शिशिर उपाध्याय ले सेवा केन्द्रलाई पीडितमैत्री र सुरक्षित संरचनाका रूपमा डिजाइन गरिएको जानकारी दिए।
कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र ले सेवा केन्द्र सञ्चालनपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकले अझ प्रभावकारी सुरक्षा र न्याय पाउने विश्वास व्यक्त गरे।
त्यसैगरी मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) गोविन्द थपलिया ले स्वागत मन्तव्य व्यक्त गर्दै मधेश प्रदेशमा नागरिकमैत्री प्रहरी सेवा विस्तारलाई प्राथमिकतामा राखिएको बताए।
कार्यक्रममा किशोरी साह कलवार, जलन्धर सिंह लगायत विभिन्न सुरक्षा निकायका प्रमुख, जनप्रतिनिधि, समाजसेवी, स्थानीय भद्रभलाद्मी तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो।
समारोहको अन्त्यमा आइजीपी कार्कीले भवन अवलोकन गर्नुका साथै प्रहरी-समुदाय सम्बन्ध सुदृढ बनाउन योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वलाई प्रशंसापत्र प्रदान गरेका थिए।

## वीरगञ्ज......

समुदाय, प्रहरी तथा सरोकारवाला निकायबीच सहकार्य अपरिहार्य रहेको बताए। उनले सुरक्षित, स्वस्थ र सभ्य समाज निर्माणका लागि यस्ता जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिए।
कार्यक्रममा सहभागी अटो चालकहरूलाई लागूऔषध सेवन तथा ओसारपसारका कारण हुने कानुनी कारवाही, स्वास्थ्यमा पर्ने नकारात्मक असर तथा सामाजिक विकृतिबारे जानकारी गराइएको थियो। साथै कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल प्रहरीलाई सूचना दिन आग्रह गरिएको आयोजकले जनाएको छ।
वीरगञ्ज मितेरी पुल क्षेत्रमा आयोजित उक्त कार्यक्रमप्रति सहभागीहरूले सकारात्मक प्रतिक्रिया जनाउँदै यस्ता अभियानले समाजमा चेतना फैलाउन महत्वपूर्ण योगदान पुग्ने बताएका थिए।

## स्थानीय........

त्यसैगरी सुदूरपश्चिम प्रदेश बाट राष्ट्रियसभा मा प्रतिनिधित्व गर्ने एक सदस्यको निधनपछि रिक्त रहेको पदपूर्तिका लागि सरकारलाई आवश्यक सिफारिस गरिसकिएको आयोगले जनाएको छ। निर्वाचन प्रक्रियालाई आधुनिक, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसहित आयोगले नयाँ 'निर्वाचन व्यवस्थापन ऐन' को मस्यौदा अन्तिम चरणमा पुऱ्याएको जानकारी दिएको छ। गृह मन्त्रालयको सुझाव समेटेर पुनः राजनीतिक दलहरूसँग छलफलपछि उक्त मस्यौदालाई संसद्मा पठाउने तयारी भइरहेको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५




## प्रधानमन्त्री.....

अकुत सम्पत्ति र जमिन छ। उनीहरू नै देश चलाइरहेका छन्। यतिसम्म कि विदेशमा गएर सम्पत्ति लुकाएका छन्, व्यवसायमा लगानी गरेका छन्। त्यसैले माथिल्लो तहदेखि नै शक्तिशाली र प्रभावशाली व्यक्तिहरूमाथि अनुसन्धान गरिनुपर्छ र राज्यको दायरामा ल्याइनुपर्छ।
यसमा पुस्तौंदेखि सार्वजनिक ठाउँमा बसेर करोडपति बनेका सीमित व्यक्तिहरू पर्दैनन्। तर आम भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले यति ठूलो बदमासी गरेको इतिहास छैन। राज्यको अव्यवस्था र अभावकै कारण उनीहरू स्वदेशमै केही गलत गतिविधिमा संलग्न भएका होलान्, त्यो छुट्टै विषय हो। तर त्यो उनीहरूको स्वभावगत दोष होइन, राज्य अव्यवस्थाको परिणाम हो।
त्यसैले प्रधानमन्त्री बालेनज्यू, पुँजीवादी व्यवस्थामा यसको अन्त्य हुन सक्दैन। यो समाज विकासक्रमको अनिवार्य प्रक्रिया हो। मानव समाज रहुञ्जेल यस्तो समस्या कुनै न कुनै रूपमा रहिरहन्छ, चलिरहन्छ। किनभने मनुष्य पनि पशु प्राणीकै एउटा रूप हो। मनुष्यले श्रम गर्छ, त्यसैले उसलाई आत्मसम्मान र स्वाभिमान चाहिन्छ। यही आत्मसम्मानका लागि मानिस आजीवन संघर्ष गर्छ। पशुले श्रम गर्दैन, त्यसैले उसलाई आत्मसम्मानको आवश्यकता हुँदैन। यही चेतनाको अन्तरका कारण मनुष्यलाई राज्य र सिस्टम चाहिन्छ।
सहरमा गरिब, निमुखा र कमजोर वर्ग बस्नु हुँदैन भन्ने भाष्य निर्माण गर्नु हुँदैन। गरिब र कमजोर वर्गले सहरमा श्रम पनि गर्छ र बस्न पनि पाउनुपर्छ भन्ने मानवीय भावना विकास गर्नुपर्छ। पूर्व व्यवस्थापनसहित सहरिया सौन्दर्यकरणलाई अगाडि बढाउनु आवश्यक छ। तर त्यो काम निमुखा जनतामाथि होइन, बलिया र बदमासहरूमाथि केन्द्रित हुनुपर्छ। हतारमा प्रक्रिया मिचेर काम गर्दा राम्रो कामको पनि सराहना हुँदैन। किनभने मनुष्यमा अझै पनि ९९ प्रतिशत पशुपना छ, जसलाई एक प्रतिशत चेतनाले नियन्त्रण गरिरहेको हुन्छ। जो चुकेपछि चुक्यो, जितेपछि जित्यो। लामो समय एउटै सामाजिक भावनामा बाँधिएको बस्तीको उठिबास हुँदा र नयाँ समाजमा पुनः पुनर्स्थापना हुनुपर्दा कति द्वन्द्व, कलह र अपराध राज्यले व्यहोर्नुपर्ने हुन्छ भन्ने कुरा गम्भीर रूपमा बुझ्नुपर्छ। यदि देश अपराध र अस्थिरतामा फस्यो र नागरिक भाँडाकुँडा बोकेर सडकमा आउन बाध्य भए भने त्यहाँ अहिलेको सरकार र प्रधानमन्त्री बालेन शाहकै अनुहार देखिनेछ।
त्यसैले सरकारले बनाउँदै आएको भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीसम्बन्धी मापदण्ड र ऐनकानुनलाई आधार बनाएर लामो समयदेखि बसोबास गर्दै आएका नागरिकलाई एकपटकका लागि सहरमा तीन/चार आना र गाउँमा ९/१० धुरसम्म जग्गाको लालपुर्जा दिन सकिन्छ। किनभने त्यो वर्ग सधैँ जोखिम उठाएर बाँचेको वर्ग हो। उनीहरूले यही संघर्षमै आफ्नो जीवनको गर्व देखेका छन्। त्यसैले राज्यले दीर्घकालीन ज्ञान, चेतना र अवसर सिर्जना गर्दै उनीहरूलाई एक पटकका लागि सुरक्षित बसोबासको प्रत्याभूति दिनुपर्छ। विस्तारै परिवर्तन हुँदै जान्छ। लामो समयदेखि सम्पत्ति, शिक्षा र चेतनाबाट वञ्चित समुदायले अहिलेको परिवर्तनसँग छोटो समयमा नै अन्य सचेत वर्गसँग प्रतिस्पर्धा गरेर फड्को मार्न सक्दैन। यही अवस्थालाई विपक्षी शक्तिहरूले राजनीतिक हतियार बनाउन सक्छन्। त्यसैले हतारमा काम गर्दा लतारिने अवस्था आउँछ। राज्यले प्राथमिकता केलाई र कसलाई दिने भन्ने कुरा गम्भीर रूपमा तौलेर अगाडि बढ्नुपर्छ।
यति राम्रो सन्देश गएको ठाउँमा अहिले यही विषयका कारण सरकारप्रति गाउँगाउँमा ठूलो नकारात्मक प्रभाव परेको छ। यतिसम्म कि निर्वाचित सांसदहरूलाई समेत गाउँ पस्न कठिन हुने अवस्था आउला भन्ने डर बढेको छ। पुराना दलहरूले यसलाई राजनीतिक रूपमा भजाएर खाए। नेता र कर्मचारी मिलेर तहगत रूपमा देश र जनतालाई हैरान बनाउने काम गरे। अब फेरि यही कारणले वर्तमान सरकार लतारिनु हुँदैन।
सरकारसँग जग्गा पर्याप्त छ। जनतालाई जमिन र बसोबासको व्यवस्था गरेरै यो समस्या समाधान गर्न सकिन्छ। ११/१२ लाख भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी देखिए भने पनि जमिनको वर्गीकरणकै कारण हरेक नामधारी जग्गामा पेचिलो समस्या छ। नागरिकले पाएका लालपुर्जामै समस्या छन्। कतै पुर्जा छ, जमिन छैन। कतै जमिन छ, पुर्जा छैन। फिल्डमा जमिन छ, नक्सामा छैन। नक्सामा छ, फिल्डमा छैन। पुस्तौंदेखि बसोबास गरेको जमिन छ तर नागरिकता नहुँदा पुर्जा छैन। पुस्तौंदेखि बसोबास रहेको गाउँब्लक, बहालविटोरीजस्ता जग्गा सरकारी भनिए पनि व्यक्तिहरू पुस्तौंदेखि बसोबास गर्दै आएका छन्। पटकपटक नापी भयो, तर लालपुर्जा दिइएन।
कतिपयले लालपुर्जा पाए, आलिशान घर बनाए, बैंकमा धितो राखे, बेचबिखन गरे।
पछि ती जग्गा गाउँब्लक वा बहालविटोरी भनेर सरकारले खारेज गरिएपछि पुनः लालपुर्जा स्थापनाका लागि पटकपटक आन्दोलन हुँदै आएको छ। त्यसैले भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी, गाउँब्लक, बहालविटोरी, गुठी, स्कुलको जग्गा, सरकारी स्वामित्वको मोहीयानी जग्गालगायत समस्याग्रस्त सार्वजनिक जग्गाको विषयलाई यही ढंगले उठिबासको रूपमा मात्रै हेर्ने हो भने तीन करोड जनतामध्ये झन्डै एकदेखि डेढ करोड जनता प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विस्थापित हुने अवस्था आउन सक्छ।
इतिहासका चतुर नम्बरी लालपुर्जावालाहरू अहिले निकै खुसी छन्। किनभने सुकुम्बासीमाथि 'हुकुमबासी'को ट्याग लगाएर उठिबास गरिँदा उनीहरू सुरक्षित भएका छन्। अझ विडम्बना त के छ भने समस्या जन्माउने वर्गकै पुस्ताहरू अहिले तीन तहकै सरकारमा जनप्रतिनिधि बनेर बसेका छन्।
उनीहरूले विभिन्न रूपले निमुखा नागरिकलाई दुःख दिने काम गरेका छन्। यसरी इतिहासदेखि नै मध्यम, कमजोर, निमुखा, दलित र सीमान्तकृत वर्ग दमन, शोषण र उत्पीडनको सिकार हुँदै आएको छ। त्यसैले सरकारले पीडित वर्गकै नेतृत्वमा उनीहरूलाई लामो समयदेखिको पीडाको क्षतिपूर्ति र न्यायको अनुभूति हुने गरी एउटा शक्तिशाली प्राधिकरण गठन गर्नुपर्छ। गहिरो छानबिनपछि उचित व्यवस्थापन, पुनर्स्थापना र लोकतान्त्रिक मानवीय प्रत्याभूति गराउन सक्नु नै आजको राज्यको प्रमुख दायित्व हो।
पुस्तौंदेखि बसोबास गरेको जमिन छ तर नागरिकता नहुँदा पुर्जा छैन। पुस्तौंदेखि बसोबास रहेको गाउँब्लक, बहालविटोरीजस्ता जग्गा सरकारी भनिए पनि व्यक्ति हरू पुस्तौंदेखि बसोबास गर्दै आएका छन्।
पटकपटक नापी भयो, तर लालपुर्जा दिइएन।इतिहासदेखि नै मध्यम, कमजोर, निमुखा, दलित र सीमान्तकृत वर्ग दमन, शोषण र उत्पीडनको सिकार हुँदै आएको छ। त्यसैले गहिरो छानबिनपछि उचित व्यवस्थापन, पुनर्स्थापना र लोकतान्त्रिक मानवीय प्रत्याभूति गराउन सक्नु नै आजको राज्यको प्रमुख दायित्व हो।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - बहुदरमाई नगरपालिका पर्सा

# वीरगंजमा मासु पसल अनुगमन, मिसावटयुक्त मासु बरामद

**पर्सा, ३० वैशाख**

जिल्ला प्रशासन कार्यालय पर्साको नेतृत्वमा गरिएको संयुक्त बजार अनुगमनका क्रममा वीरगंजका विभिन्न मासु पसलमा अनियमितता फेला परेपछि कारबाही गरिएको छ ।

उपभोक्ताबाट बाख्राको मासुलाई खसी-बोकाको मासु भन्दै बिक्री भइरहेको गुनासो आएपछि सरोकारवाला निकायसहितको टोलीले मुर्ली, राधेमाई, श्रीराम हल छपकैया तथा रेलवे रोड क्षेत्रका मासु पसलमा अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा दिलसाद फ्रेस हाउस बाट करिब १२ किलो २०० ग्राम अखाद्य तथा मिसावटयुक्त मासु बरामद गरिएको टोलीले जनाएको छ । जफत गरिएको मासु सुरक्षित रूपमा डम्पिङ साइटमा लगेर नष्ट गरिएको छ ।




त्यसैगरी इरफान मासु पसल दर्ता तथा आवश्यक अनुमति बिना सञ्चालन भएको र मिसावटयुक्त मासु बिक्री गरेको पाइएपछि २० हजार रुपैयाँ जरिवाना गरिएको जनाइएको छ ।

अनुगमनपछि टोलीले सम्बन्धित व्यवसायीलाई मूल्यसूची अनिवार्य रूपमा राख्न, मासुको स्पष्ट पहिचानसहित बिक्री गर्न तथा सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिएको छ ।

संयुक्त अनुगमन टोलीले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने खाद्य व्यवसायमा लापरवाही गर्ने जो-कोहीलाई कानुनी दायरामा ल्याइने चेतावनीसमेत दिएको छ ।

# ३ करोडभन्दा बढी राजस्व चुहावट मुद्दाका फरार प्रतिवादी पक्राउ

**शु.आ. संवाददाता**
**पर्सा, ३० वैशाख**

राजस्व चुहावट मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेका एक प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय पर्सा ले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा खटिएको फैसला कार्यान्वयन टोलीले लुकिछिपी बस्दै आएका प्रबिन्द्र साह गोढ लाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

पर्सा जिल्ला अदालत को फैसलाअनुसार राजस्व चुहावट मुद्दामा गोढलाई ६ महिना कैद सजाय तथा ३ करोड १२ लाख ६० हजार ८० रुपैयाँ जरिवाना तोकिएको थियो । अदालतको आदेशपछि फरार रहेका उनलाई बुधबार पक्राउ गरिएको प्रहरीले जनाएको छ ।



पक्राउ परेका गोढ साविक बेल्वा गाविस-५ हाल वीरगञ्ज महानगरपालिका-३१ निवासी हुन् ।

प्रहरीका अनुसार पक्राउपछि उनलाई आवश्यक कानुनी कारबाहीका लागि पर्सा जिल्ला अदालतमा बुझाइएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साले अदालतबाट सजाय तथा जरिवाना फैसला भई फरार रहेका व्यक्तिविरुद्ध फैसला कार्यान्वयन अभियानलाई तीव्र बनाइएको जनाएको छ ।

# पर्सामा सेवा केन्द्र भवन उद्घाटन

**शु.आ. सम्बाददाता**
**पर्सा, ३० वैशाख**

जिल्ला प्रहरी कार्यालय पर्सा परिसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको नवनिर्मित भवन उद्घाटन गरिएको छ । लक्षित वर्गलाई सहज, सुरक्षित र प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यसहित निर्माण गरिएको उक्त भवनको उद्घाटन नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की ले बुधबार एक समारोहबीच गरेका हुन् ।

उद्घाटन कार्यक्रममा बोल्दै महानिरीक्षक कार्कीले प्रहरी संगठनको सेवा प्रवाहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधारको महत्वपूर्ण भूमिका रहने बताए । उनले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकजस्ता संवेदनशील वर्गका लागि छुट्टै सेवा केन्द्र निर्माण हुनु सकारात्मक र प्रशंसनीय कार्य भएको उल्लेख गरे । “लक्षित समूहलाई सहज वातावरणमा सेवा दिनका लागि यस्तो संरचना अत्यन्त आवश्यक छ,” उनले भने, “यसले सेवाग्राहीलाई छिटो, सुरक्षित र सम्मानजनक सेवा प्राप्त गर्न सहयोग पुऱ्याउनेछ ।”

महानिरीक्षक कार्कीले देशभर अझै पनि १ हजार ३५६ वटा अस्थायी प्रहरी चौकी आधारभूत पूर्वाधार अभावमा सञ्चालन भइरहेकाले तिनको व्यवस्थापन चुनौतीपूर्ण बनेको बताए । सर्वसाधारणबाट नयाँ प्रहरी चौकीको माग व्यापक रूपमा आउने गरे पनि निर्माण र व्यवस्थापनमा अपेक्षित सहयोग प्राप्त हुन नसकेको उनको भनाइ थियो ।



“प्रहरी चौकी चाहिन्छ भन्ने माग धेरै छ, तर निर्माणका लागि सहयोगी हात पर्याप्त रूपमा आउन सकेको छैन,” उनले भने, “धेरै चौकीमा आधारभूत सेवा सुविधा दिन समेत कठिनाइ भइरहेको अवस्था छ ।”

कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल ले सेवा केन्द्रले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई थप सहज र मैत्रीपूर्ण वातावरणमा सेवा दिनुपर्नेमा जोड दिए । उनले संवेदनशील वर्गको पहुँचलाई प्राथमिकतामा राखेर सेवा प्रवाह गर्न प्रहरीलाई आग्रह गरे ।

भवन निर्माणकर्ता संस्था ग्ल्इएक का पूर्वाधार म्यानेजर शिशिर उपाध्याय ले करिब २ करोड ४८ लाख रुपैयाँ लागतमा भवन निर्माण सम्पन्न गरी जिल्ला प्रहरी कार्यालयलाई हस्तान्तरण गरिएको जानकारी दिए । उनका अनुसार भवन विशेष रूपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री ढंगले डिजाइन गरिएको छ ।

“सेवाग्राहीलाई सुरक्षित र सहज वातावरणमा सेवा दिने उद्देश्यले भवन निर्माण गरिएको हो,” उनले भने, “यसबाट लक्षित वर्गले प्रत्यक्ष लाभ लिने विश्वास लिएका छौं ।”

करिब १ हजार ४०० वर्गफिट क्षेत्रफलमा निर्माण गरिएको उक्त भवनको निर्माण कार्य रोयल कन्स्ट्रक्सन कैलाली ले सम्पन्न गरेको हो ।

त्यसैगरी इन्द्र न्यौपाने ले युएनओपिएसले देशका १५ जिल्लामा यस्ता सेवा केन्द्र भवन निर्माण गरिरहेको जानकारी दिए । उनका अनुसार हालसम्म ८ वटा भवन उद्घाटन भइसकेका छन् भने बाँकी ७ वटा अन्तिम चरणमा पुगेका छन् । उनले कोशी प्रदेशमा नेपाल प्रहरीका लागि तालिम केन्द्रसमेत निर्माण गरिएको जानकारी दिए ।

कार्यक्रममा मधेश प्रदेश प्रहरी प्रमुख गोविन्द थपलिया ले यस्ता संरचनाले सेवाग्राहीलाई सम्मानजनक र प्रभावकारी सेवा प्राप्त गर्न महत्वपूर्ण सहयोग पुग्ने बताए । कार्यक्रममा प्रहरी अधिकारी, जनप्रतिनिधि, स्थानीय सरोकारवाला तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

# बंकुल आँखा उपचार केन्द्रको नवनिर्मित भवन उद्घाटनः ३५५ जनाको निःशुल्क आँखा परीक्षण

**शु. आ. सम्बाददाता**
**रौतहट, ३० वैशाख**

नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित गौर आँखा अस्पताल अन्तर्गतको आँखा उपचार केन्द्र बंकुलको नवनिर्मित पक्की भवनको बुधबार एक भव्य समारोहका बीच औपचारिक उद्घाटन गरिएको छ । रौतहटको बौधीमाई नगरपालिका-७ बंकुलमा निर्माण सम्पन्न भएको उक्त एकतले भवनको उद्घाटनसँगै स्थानीय सर्वसाधारणका लागि बृहत् निःशुल्क आँखा शिविरको समेत आयोजना गरियो । नवनिर्मित भवन उद्घाटनको अवसरमा आयोजित शिविरमा बंकुल र आसपासका ग्रामीण भेगका कुल ३५५ जनाले आँखा परीक्षण तथा स्वास्थ्य परामर्श सेवा प्राप्त गरेका छन् । कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेका अनुसार शिविरमा आएका बिरामीमध्ये १५२ जनालाई निःशुल्क चस्मा र ८८ जनालाई आवश्यक औषधि वितरण गरिएको थियो ।

परीक्षणका क्रममा ८५ जना बिरामीमा मोतिबिन्दुको समस्या देखिएको र उनीहरूलाई तत्काल शल्यक्रियाका लागि छनोट गरिएको छ । छनोट भएका बिरामीहरूलाई गौर आँखा अस्पतालसम्म लैजाने शल्यक्रिया गर्ने र पुनः घरसम्म पुऱ्याउने सम्पूर्ण व्यवस्था अस्पतालले नै निःशुल्क मिलाएको संयोजक पाण्डेले जनाए ।

शिविरमा नेत्ररोग विशेषज्ञ डा. मनोज कुमार साहको नेतृत्वमा १० जना प्राविधिक स्वास्थ्यकर्मीहरूको टोली परिचालन गरिएको थियो । टोलीमा




आँखा उपचार केन्द्र बंकुलका इन्चार्ज अबताब आलम दर्जी, अर्चना सिंह, निलम पटेल, मनोज पासवान, शिवशंकर महतो, राजेश कुमार यादव र प्रद्युपन यादव लगायतको सक्रिय सहभागिता रहेको थियो ।

नेपाल नेत्रज्योति संघको प्रतिबद्धता

उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेपाल नेत्रज्योति संघका वरिष्ठ उपाध्यक्ष श्याम कुमार पोखरेलले ग्रामीण भेगका जनतालाई घरदैलोमै गुणस्तरीय आँखा उपचार सेवा पुऱ्याउन संघ कटिबद्ध रहेको बताए ।

उनले भन्ने :

बंकुलमा लामो समयदेखि संञ्चालित उपचार केन्द्रले अब आफ्नै व्यवस्थित भवन पाएको छ । यसले गर्दा सेवा प्रवाहमा अझ सहजता आउनेछ । हामी स्थानीय सरकारसँग समन्वय गरेर यस केन्द्रको थप विस्तार र विकासका लागि सदैव तत्पर रहनेछौं ।

त्यसैगरी गौर आँखा अस्पतालका अध्यक्ष सिंहले सबै सरोकारवाला निकाय स्थानीय सरकार र समुदायको सहकार्य रहेमा बंकुल आँखा उपचार केन्द्रलाई नेपालकै एक नमूना केन्द्रका रूपमा विकास गर्न सकिने विश्वास व्यक्त गरे ।

कार्यक्रममा प्रदेश प्रमुख रविन्द्र लाल चौधरी, केन्द्रीय प्रतिनिधि ऋषिकेश पौडेल, बौधीमाई नगरपालिकाका नगरप्रमुख प्रदीपकुमार यादव, विभिन्न वडाका वडाध्यक्षहरू, समाजसेवी रेबन्त झा, रौतहट शाखाका सचिव बच्चा प्रसाद यादव, मेडिकल डायरेक्टर डा. प्रज्जवल बस्नेत, अस्पताल प्रशासक नागेश्वर प्रसाद चौधरी, लेखा अधिकृत पवनकुमार न्यौपाने र नेत्र रोग विशेषज्ञ डा. सुरेन्द्र मिश्रको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सञ्चारकर्मी, अस्पतालका कर्मचारी परिवार तथा स्थानीय बासिन्दाहरूको ठूलो संख्यामा उपस्थिति रहेको थियो । आफ्नै गाउँमा सुविधासम्पन्न भवन र निःशुल्क उपचार सेवा पाएपछि स्थानीयवासीहरूले खुसी व्यक्त गरेका छन् ।

# मधेसमा गठबन्धन कायमै राख्ने जसपा नेपालको निर्णय विश्वासको मतअघि मुख्यमन्त्री यादवलाई राहत

**जनकपुर, ३० वैशाख**

जनता समाजवादी पार्टी नेपाल ले मधेस प्रदेशमा वर्तमान सत्ता गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको छ । पार्टीको मधेस प्रदेशसभा संसदीय दलको बैठकले नीति तथा कार्यक्रम तथा आगामी बजेट निर्माणको संवेदनशील समयलाई ध्यानमा राख्दै सरकार परिवर्तनतर्फ नजाने निष्कर्ष निकालेको हो ।

बैठकले प्रदेशमा राजनीतिक स्थायित्वलाई प्राथमिकतामा राख्दै तत्कालका लागि हालको गठबन्धनलाई नै अघि बढाउने निर्णय गरेको जनाएको छ । यससँगै मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण यादव लाई विश्वासको मत प्राप्त गर्न सहज हुने संकेत देखिएको छ ।

जनमत पार्टी ले सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले जेठ १ गते प्रदेशसभाबाट विश्वासको मत लिने तयारी गरेका छन् । तर जसपा नेपाल गठबन्धनबाट बाहिर नजाने निर्णयमा पुगेपछि सरकार तत्काल




संकटमा नपर्ने आकलन गरिएको छ । यद्यपि सरकारको नेतृत्व आगामी दिनमा कसले गर्ने भन्ने विषयमा गठबन्धनभित्र छलफल जारी रहेको बताइएको छ । निर्वाचन आयोगबाट पार्टी एकता प्रक्रिया टुंगिएपछि जसपा नेपाल मधेस प्रदेशसभाको सबैभन्दा ठूलो दल बनेको छ, जसले सरकारको नेतृत्वमा दाबी गर्ने सम्भावनालाई थप बलियो बनाएको राजनीतिक वृत्तमा चर्चा छ ।

यसैबीच पार्टी अध्यक्ष उपेन्द्र यादव जनकपुरमा सक्रिय रहेका छन् भने पार्टी संरक्षक महन्थ ठाकुर पनि छलफलका लागि जनकपुर पुग्ने कार्यक्रम रहेको स्रोतले जनाएको छ । मधेस सरकारको भावी समीकरण र नेतृत्वबारे शीर्ष नेताहरूबीच आन्तरिक परामर्श तीव्र भएको बताइएको छ ।

उता जनमत पार्टीले भने जसपा नेपालले पूर्वसहमति विपरीत व्यवहार गरेको आरोप लगाउँदै आलोचना गरेको छ । स्रोतका अनुसार वर्तमान गठबन्धन जोगाउने विषयमा शीर्ष तहमा समेत उच्चस्तरीय छलफल भइरहेको छ ।

# स्थानीय र प्रदेश निर्वाचन एकै चरणमा गर्न आयोगको प्रस्ताव, ४ अर्बभन्दा बढी खर्च बचत हुने दाबी

**काठमाडौं, ३० वैशाख**

निर्वाचन आयोग ले आगामी २०८४ सालमा हुने स्थानीय तह र प्रदेशसभा निर्वाचन एकै चरणमा सम्पन्न गर्ने प्रस्ताव राजनीतिक दलहरूसमक्ष प्रस्तुत गरेको छ । निर्वाचन खर्च घटाउने तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यसहित आयोगले यस्तो अवधारणा अघि सारेको जनाएको छ ।

मंगलबार आयोजित राजनीतिक दलहरूसँगको छलफलमा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारी ले स्थानीय तह र प्रदेशसभाको निर्वाचन एउटै मितिमा गर्न सके राज्यको ठूलो रकम बचत हुने बताए । आयोगका अनुसार स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल २०८४ वैशाख ३० गते समाप्त हुँदैछ भने




प्रदेशसभा सदस्यहरूको कार्यकाल सोही वर्ष मंसिर ४ गते सकिनेछ । यी दुई निर्वाचन एकै चरणमा सम्पन्न गर्दा करिब ४ अर्ब रुपैयाँभन्दा बढी खर्च जोगिन सक्ने आयोगको दाबी छ ।

छलफलमा निर्वाचन सुधार, कानुनी संशोधन तथा रिक्त पदमा उपनिर्वाचनका विषयमा समेत विचारविमर्श भएको थियो । हाल स्थानीय तह तथा प्रदेशसभामा रिक्त रहेका ७४ पदमा उपनिर्वाचन गर्ने तयारीबारे आयोगले दलहरूलाई जानकारी गराएको छ ।

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका